**साल्पासिलिछ्योको शान, शुसासनमैत्री दिगो पूर्वाधार हाम्रो अभियान ।**

# साल्पासिलिछ्यो गाउपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# चौकीडाडा, भोजपुर

# नीति तथा कार्यक्रम २०७५/०७६

**प्रस्तुतकर्ता**
महेश राई
अध्यक्ष
साल्पासिलिछ्यो गाउँपालिका

साल्पासिलिछ्यो गाउँपालिकाको ऐतिहासिक दोस्रो गाउँसभाका उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकार साथीहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न कार्यालय तथा संगठनबाट पाल्नु भएका प्रतिनिधिहरु एवं विभिन्न तह र क्षेत्रबाट पाल्नु भएका विद्धान महानुभाव, सम्पुर्ण कर्मचारी साथीहरु तथा उपस्थित बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयन भईसकेको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा,

२०६२/६३ को जन-आन्दोलन, विभिन्न समयमा भएका राजनीतिक आन्दोलनको प्राप्ती स्वरुप आज हामीले स्थानीय सरकारको अनुभव गर्न पाईरहेका छौं । यसलाई नेपाली राजनीतिको एउटा अध्यायको समाप्तीको रुपमा लिन सकिन्छ र आफ्नो भविश्य आफैले बनाउने अवसरको रुपमा समेत लिन सकिन्छ । स्थानीय तहको पहिलो निर्वाचन पश्चात साल्पासिलिछो गाउँपालिकाले स्थानीय सरकारको रुपमा कार्य सञ्चालन गरेको एक वर्ष भई सकेको छ । स्थानीय सरकारको तर्फबाट यस गाउँसभा समक्ष दोस्रो पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएको छु । देशलाई यस स्थितिमा ल्याउन, तथा जनताको अधिकारको लागि आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात महान सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । गणतन्त्र स्थापना तथा संघीयता कार्यन्वयनका लागि भुमिका खेल्नुहुने द्वण्दपीडित तथा अपाङ्गता हुनु भएका महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । यसैगरी विभिन्न आन्दोलनको क्रममा वेपत्ता हुनु भएका योद्धाहरुको यस गाउँसभाबाट स्मरण गर्न चाहन्छु । स्थानीय सरकार मार्फत आफ्नो गाउ आफै बनाउने अभियान सञ्चालन गर्न पाउनु भनेको एउटा सुनौलो अबसर र चुनौतीको रुपमा लिएको छु । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्तरण भईसकेको हुदा स्थानीय तहलाई थप मर्यादित र व्यवस्थीत बनाउनु अबको आवस्यकताको रुपमा लिएको छु ।

**उपस्थीति गाउसभाका सदस्य ज्यूहरु, तथा अन्य महानुभाव,**

साल्पासिलिछो गाउँपालिकाको आगामी आ.ब. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा पहिले, पहिलो गाउँसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।

- साल्पासिलिछो गाउँपालिकाको पहिलो गाउसभाले पारित गरे बमोजिम यस गाउँपालिकाको सबै वडा कार्यालयसम्म मोटरबाटोको ट्र्याकले जोड्ने काम भईसकेको छ ।
- यस गाउपालिका भित्रको विभिन्न सास्कृतिक सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धनमा जोड दिने निर्णय बमोजिम ६ वटै वडाका रहेका मुख्य सास्कृतिक सम्पदाको मर्मत सुधार गर्ने काम भएको छ ।
- ६ वटै वडामा रहेको जिर्ण अवस्थाका विद्यालय तथा इसिडीहरुको भौतिक पूर्वाधार विकास गर्ने काम भएको छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेको जनताको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दे चालु आ. ब. मा औषधी तथा उपचारको अभाव हुन नदिनका लागि सक्दो पहल गरिएको छ । साथै यस गाउपालिका भित्र रहेको सबै स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई त्यसको लागि सचेत राखिएको छ ।
- गाउँपालिका भित्रका कृषकहरुको मागलाई मध्यनजर गर्दे यस गाउँपालिकामा प्राप्त भएको कृषि तथा पशुसेवाको कार्यक्रमलाई विशेष पहलका साथ कार्यन्वयन गरिएको छ ।
- गाउँपालिका भित्रका सरकारी कार्यालयहरुलाई विद्युतिय शासन मैत्री बनाउनका लागि गाउपालिका कार्यालयमा विद्युतीय शासन प्रणाली लागु गरिएको छ ।
- साल्पासिलिछो गाउँपालिकामा न्यायिक समिति गठन गरी न्यायिक समिति मार्फत घरेलु हिंसा तथा सामान्य वादविवादका मुद्दाहरु हेर्न सुरु गरिएको छ ।
- नागरिकहरुको स्वास्थ्य उपचार पाउने र वाच्न पाउने नैसर्गिक अधिकारको रक्षाको लागि आपतकालिन कोष तथा विपत व्यवस्थापन कोष खडा गरी कार्यन्वयनमा ल्याइएको छ ।

**उपस्थीत सम्पुर्ण महानुभावहरु,**

अब म साल्पासिलिछो गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । साल्पासिलिछो गाउँपालिकाको आगामी आ.ब. २०७५/०७६ लाई 'दिगो पूर्वाधार विकास र सुशासन मैत्री भ्रष्टचार मुक्त समाज निर्माण' गर्ने अभियानलाई यस नीति तथा कार्यक्रममा अवलम्बन गरिएको छ । जसलाई कार्यन्वयन गर्न निम्न बमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

***पूर्वाधार तथा संरचना विकास :***

१. आवधिक गाउँ विकास योजना, व्यवस्थीत शहरीकरण, भू-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड, यातायात गुरुयोजना, पर्यटन एवं महत्वपूर्ण योजनाको डि.पी.आर. तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

२. वडा समितिको सिफारिश तथा गाउँ कार्यपालिकाबाट पेश भै आएका योजनाहरुलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वियन गरिनेछ ।

३. गाउँपालिकाको केन्द्र र अन्य वडाका टोल वस्तीहरु जोडने सडक निर्माणलाई प्राथमिकता दिइनेछ ।

४. गाउँ क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

५. सरकारी तथा गैरसरकारी निकायहरु संग साझेदारीमा गाउँको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६. ऐतिहासिक एवं धार्मिक, साँस्कृतिक महत्वका मठ मन्दीरहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

७. आयोजना स्थलमा योजना सम्बन्धी जानकारी गराउन अनिवार्य रुपमा होर्डिंग बोर्ड राख्न लगाईनेछ ।

८. गाउँपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्बन्धित निकायमा योजना कार्यान्वियनका लागि सिफारिश गरी पठाईनेछ ।

९. प्रत्येक बर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत र सम्मान गर्ने नीति अवलम्बन गरिनेछ । पुरस्कृत गर्दा आयोजना हेरी १० प्रतिशत अनुदान थप गरिनेछ ।

१०. प्रत्येक वडाका सडक, खानेपानी, बिजुली र फोहोर व्यवस्थापन गर्न ठोस योजना निर्माण गरि कार्यान्वियन गरिनेछ ।

११. पुरानो सडकलाइ क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालीको व्यवस्था गरिनेछ ।

१२. गाउपालिकाका सबै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणको **DPR** तयार गरि व्यवस्थित रुपमा कार्य गरिनेछ ।

१३. पूर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्री, वातावरण मैत्री मापदण्ड बमोजिम गरिनेछ ।

१४.वडा कार्यालयको भवन नभएको ठाँउमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ ।
१५. नयाँ नापी गराई वाटोलाई लगत कट्टा गरी सार्वजनिक वनाईनेछ ।
१६. साल्पासिलिछो गाउँपालिकालाई जोड्ने सडकलाई निरन्तर सञ्चालन गर्नका लागि मोटरेवल पुल बनाउनका लागि पहल गरिनेछ ।

***जनसंख्या तथा सामाजिक विकास :***

१. गाउँपालिका भित्र संचालित विभिन्न तहका विद्यालय तहमा नेपाल सरकारले हालसम्म विद्यालय संचालन अनुमति दिएको तर शिक्षक दरवन्दी नदिएको विभिन्न विद्यालयहरुमा गाउँपालिकाबाट कानुन बनाई शिक्षकको तलव भत्ताको व्यवस्था गर्न पहल गरिनेछ ।
२. गाउँपालिका उज्यालो अभियान संचालन गरिनेछ । गाउँपालिका भित्रका कुनै पनि पढने विद्यार्थीलाई अध्यारोमा बस्ने अवस्थाको अन्त्य गरिनेछ ।
३. जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पस एव विद्यालयहरुलाई गाउँपालिकाबाट अनुगमन गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ । युवा तथा खेलुकद विकासको लागि खेलकुद विकस समिति गठन गरी अध्यक्ष कप प्रतियोगिताको शुरुवात गरीनेछ ।
४. बेरोजगार युवाहरुको लागि स्वनिर्भरता अभिवृद्धिको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
५. युवाहरुलाई विपद् पूर्व तयारी तथा सूचना प्रणाली, उद्धार, राहत र पुनःर्स्थापना सम्बन्धी तालिम प्रदान गरी परिचालन गरिनेछ ।
६. युवाहरुलाई जैविक विविधता र वातावरण संरक्षण शिक्षा प्रदान गरी वातावण दुतका रुपमा परिचालन गरिनेछ ।
७. सामाजिक विसंगति, असुरक्षा, विभेद, निरक्षरता, भेदभाव र हिंसाका विरुद्ध अभियानमा युवा नेतृत्वको प्रवर्द्धन गरिनेछ ।
८. खेलकुदको स्तर विकास गर्न गाउँक्षेत्रका खेलाडीहरुलाई प्रोत्साहनको लागि गाउँपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ साथै गाउँपालिका भित्रका विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने प्रभुत्व व्यक्तिहरुलाई पुरस्कृत, सम्मान गरिनेछ ।
९. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी सुशासन, विकास निर्माण तथा गरिवी न्यूनीकरणका लागि समुदायलाई नै उत्तरदायी बनाईनेछ ।
१०. नागरिक सचेतना केन्द्र मार्फत सुविधाबाट बञ्चित महिला, तथा पछाडी पारिएको समुदायको उत्थान र सशक्तिरणमा विशेष जोड दिईनेछ ।
११. आगलागी, बाढी, भुकम्प, महामारी जस्ता प्रकोपमा क्षति न्युनिकरण गर्न र प्रकोपको अवस्थामा उद्धार, राहत तथा पूर्नस्थापना जस्ता कार्यहरु गर्न प्रकोप व्यवस्थापन योजना बनाई सरोकारवाला निकाय र समुदायसंग सहकार्य गरी कार्यक्रम गर्ने नीति अबलम्बन गरिनेछ ।
१२. स्थानीय मेलमिलाप र मध्यस्थताको व्यस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ ।
१३. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।
१४. गाउपालिका भित्र रहेका उत्कृष्ट विद्यालयलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ । सम्मान स्वरुप त्यस्ता विद्यालयलाई रु ५००००।०० को सामान तथा नगद प्रदान गरिनेछ ।
१५. बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ ।
१६. बाल क्लब गठनलाई प्राथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरि बालमैत्री गाउँ बनाउने नीति अंगीकार गरिने छ ।
१७. अपांगता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई अपांगमैत्री बनाउदै लगिनेछ ।
१८. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिईने छ ।
१९. दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण, क्षमता विकास सीप विकस एवं चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

***अर्थिक विकास***

१. कृषि तथा पशु पालन क्षेत्रको विकासमा पकेट क्षेत्र घोषणा गरी कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
२. गाउँ क्षेत्रका उर्वर भूमिलाई सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।
३. सहकारी सँस्था सम्बन्धी आवश्यक कानून एवं मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।
४. माटो परीक्षण विधी अवलम्बन गरि कृषिलाई वैज्ञानिक बनाइने छ ।
५. गाँउको उत्पादनलाई बजारसम्म पुऱ्याउन बजारीकरणको नीति अवलम्बन गरिनेछ ।
६. आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडी वढाइने छ ।
७. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुरयाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
८. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

**सार्वजनिक सेवा प्रवाह**

१. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट दिईने सम्पूर्ण सेवाहरुलाई छिटो छरितो, भरपर्दो, गुणस्तरीय एवं नागरिक मैत्री बनाईनेछ । सेवालाई सूचना प्रविधि मैत्री बनाई विद्युतीय शासनको अवधारणा लागू गरिनेछ ।
२. गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरु एवं विषयगत निकायका कर्मचारीको क्षमता विकास गर्न विभिन्न खाले तालीम एवं सीप विकास सम्बन्धी गोष्ठीहरु आयोजना गर्ने एवं अन्य निकायसगं समन्वय गरी कर्मचारीहको क्षमता विकास गरिनेछ ।
३. सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ । बैकिङ्ग सुविधा विस्तार नहुदाँसम्म प्रत्येक घरमा नै पुगेर भत्ता वितरण गर्ने कार्यक्रम लागु गरिनेछ भने बैकिङ्ग सेवा विस्तार पछि सामाजिक सुरक्षा भत्ता वितरण बैंक खाता मार्फत गर्ने व्यवस्था मिलाउन आवश्यक नीति बनाईनेछ ।
४. साल्पासिलिछो गाउँपालिकाका सम्पूर्ण क्षेत्र भित्र संचार सेवाको विस्तार गरिनेछ । मोवाईल एवं ईन्टरनेट सेवाको विस्तारको लागि आवश्यक पहल

गरिनेछ । यसै आ.व. २०७५/०७६ भित्र इ सेवाको विस्तार गर्न आवश्यक कार्य अघि बढाईनेछ ।

५. केन्द्रिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानलाई मितव्ययी ढगंबाट प्रयोग गरिनेछ । उत्पादनमुखी तथा छोटो समयमा प्रतिफल प्राप्तहुने खालको आयोजनाहरुको छनोट एवं कार्यान्वयन गरिनेछ । भ्रष्टाचार एवं अनियमितता अन्त्य गरी पारदर्शी प्रशासकीय कार्यविधि अपनाईनेछ । शसर्त अनुदानलाई सम्बन्धीत निकायमा लगाई उनीहरुको खर्च पारदर्शी बनाउन अनुगमन तथा निरीक्षण गरिनेछ ।

६. साल्पासिलिछो गाउँपालिकाको सम्मूर्ण प्रशासनिक गतिविधिहरु, निणर्य प्रक्रियाहरु, एवं कार्यक्रमहरु पारदर्शी, सहभागितामुलक, जनमुखी, भ्रष्टाचार रहित एवं उपलव्धीमुखी बनाईनेछ ।

७. साल्पासिलिछो गाउँपालिका वा मातहतका तथा अन्य विषयगत एवं सरकारी सेवा प्रवाहका जिम्मेवारी सबै असल तथा छिटो काम सम्मन्न गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने र खराव तथा आफ्नो काममा वेवस्ता गर्ने कर्मचारीलाई दण्ड सजाय गर्ने निती लिईएकोछ । विषयगत निकायका कर्मचारी तथा गाउँपालिकाका कर्मचारी सबैमा कार्यसम्पादन सम्झौता गरिने छ ।

८. स्थानीय शान्ती सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकाय एवं सुरक्षाकर्मीहरुलाई चुस्त दुरुस्त एवं नागरिक मैत्री बनाईनेछ ।

९. यस गाउँपालिका भित्र समाहित भएका विषयगत निकायहरु जस्तो शिक्षा, स्वास्थ्य, खानेपानी, बन, कृषि, पशुपंक्षी सेवा लगायतकाहरुको काम कारबाही प्रभावकारी बनाउने नीति लिईनेछ । सम्पूर्ण निकायका काम कारबाही गाउँपालिकाको नीति अनुरुप बनाईने छ । गाउँपालिकाको निर्देशन, एवं नियमनमा सबै निकायले प्रदान गर्ने सेवालाई नागरिक मैत्री बनाईनेछ ।

१०. यूवा पूस्ताको क्षमता विकास गर्न विभिन्न सीप विकास सम्बन्धी तालीम तथा कार्यक्रम संचालन गरिनेछ । स्थानीय उत्पादनहरु जस्तै बाख्रापालन, बगुंरपालन, मौरीपालन, माछापालन, तरकारी खेती, सुन्तला अलैची, टिमुर, अदुवा, आँप, किवी, सतुवा खेती लगायतका अन्य सम्भावित क्षेत्रमा यूवा पुस्ता आर्कषण गर्न विभिन्न कार्यक्रमहरु सञ्चलान गर्न सरोकारवाला निककायसंग पहल गरिनेछ ।

११. नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य बलियो बनाउन गर्भवती बेलामा पोषणयुक्त खानेकुरा तथा नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउनको लागि गर्भवति आमाहरुलाई 'सुनौलो कार्ड' व्यवस्था गरिनेछ ।

१२. किशोर किशोरीहरुको स्वास्थ्यमा विशेष ध्यान दिन तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम प्रत्येक वडाहरुमा संचालन गर्ने तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. महिला, आदिवासी जनजाती, बृद्ध बृद्धा, दलित, उत्पिडित वर्ग, विपन्न एंव गरिव जनता आदिको संरक्षण एवं विकास गर्न सामाजिक न्यायको आधारमा स्रोत एवं सुविधाको समानुपातिक वितरणको व्यवस्था मिलाईने छ । सुविधाबाट बन्चितमा परेका सम्पूर्ण वर्ग क्षेत्र र तहका मानिसहरुलाई मुल प्रवाहिकरण गर्न शशक्तिकरण एवं क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. उज्यालो नेपाल अभियानको प्रभावकारी कार्यान्वयन गर्न विद्युत क्षेत्रको विकास र विस्तार गरिने छ । विद्युत चुहावट नियन्त्रण गरिने छ । यस गाउँपालिका भित्र संचालित अधुरा साना तथा लघु जलविद्युत आयोजनाहरुलाई यसै वर्ष सम्पन्न गरी संचालनमा ल्याईनेछ । सोको लागि सरोकारवला निकायहरु संगै समन्वय गरिनेछ । साथै स्थानीय स्तरका साना जलविद्युत उत्पादन तथा मझौला र ठुला जलविद्युत आयोजनाको निर्माण संभावयताको आधारमा गाउँपालिकाको नीति अनूरुप गरिने छ ।

१५.वातावरण तथा जलवायु अनुकुल पुर्वाधार विकासमा जोड दिईनेछ । वनको वैज्ञानिक व्यवस्थापन गरि वनलाई आम्दानीको श्रोतको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै वन क्षेत्रको संरक्षणको लागि एक वडा एक नमूना सामुदायीक बन निर्माण कार्यक्रमलाई प्रोत्साहान गरिनेछ ।

१६. व्यक्तिको शारिरीक मानसिक तन्दुरुस्तीका लागि खेलकुद मनोरञ्जन र पर्यटनको आधारका रुपमा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१७. लैंगिक समानता, महिला सशक्तीकरण, तथा महिला सहभागिता वृद्धि गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ ।

१८. बैदेशिक रोजगारीमा गएका यूवाहरुको लगत संकलन गरिनेछ । हाम्रो बातावरण, सीप क्षमता, माटो आदि सुहाउदो गन्तव्य मुलुकहरुको खोजी गरिनेछ र बैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाई प्राप्त हुने विप्रेषणलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्ने गरी नीति लिईनेछ ।

२९. महिला, आदिबासी जनजाति, गरिव, विपन्न वर्ग, अपाङ्ग र जेष्ठ नागरिक केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुने व्यवस्था मिलाईनेछ ।

२०. स्थानीय तहको न्याय प्रणालीलाई स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउन आवश्यक संस्थागत संरचनागत नीतिगत व्यवस्था गरिने छ ।

२१. वालविवाह गर्ने परम्परालाई न्युनिकरण गरि समाजमा उत्पन्न हुने विभेद, उत्पीडन, शोषण तथा अन्यायको अन्त्य गरि सामाजिक न्याय र समानता कायम गरिनेछ ।

२२. कर प्रणालीमा व्यवस्थित, करका दरहरुमा सुधार, तथा करका दायरा फराकिलो पारी गाउँपालिकालाई श्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक नीति बनाई लागु गरिनेछ ।

२३. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस आ.ब. २०७५/०७६ बाट बैशाख अन्त्य सम्ममा सम्पुर्ण आयोजना, योजना तथा कार्यक्रमहरु सम्पन्न गरी फरफारक गर्ने वातावरण मिलाईनेछ । यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

२४. आर्थिक बर्ष २०७५।०७६ देखि कुनैपनि योजना, आयोजना, परियोजना तथा कार्याक्रम सञ्चालन तथा कार्यान्वयन गर्नको लागि आयोजना हेरी प्राविधिक मुल्यांकन अनुसार ३३ प्रतिशत सम्म पेश्की रकम दिने व्यवस्था मिलाईनेछ ।

२५. साल्पासिलिछो गाउँपालिकालाई नेपालकै दुर्लभ वन्यजन्तु रेडपान्डा, कस्तुरी संरक्षित क्षेत्र बनाउन विषेश पहल गरिनेछ । साथै साल्पासिलिछो पार्यटन शिकार आरक्ष स्थापनाको लागि विषेश पहल गरिनेछ ।

२६. साल्पासिलिछो गाउँपालिका भित्र अतिक्रमण गरिएका सार्वजनिक स्थलहरुको नियन्त्रण गर्न भूमि व्यवस्थापन आयोग गठन गरी उक्त आयोगको प्रतिवेदनको आधारमा गाउँपालिकाले निर्णय लिने व्यवस्था मिलाईनेछ ।

२७. साल्पासिलिछो गाउँपालिकामा सञ्चालित एक मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा साल्पासिलिछो ३ मा रहेको विद्यालयको स्तर उन्नतीको लागि पहल गरिनेछ । भोजपुर जिल्लाको नमुना मा.वि वीरेन्द्र माविलाई थप व्यवस्थीत बनाउनका लागि सरोकारवाला निकायसंग छलफल गरी अगाडी बढाईनेछ । यसका साथै गाउपालिका भित्रका सबै विद्यालयहरुमा शुसासन मैत्री बातावरण सिर्जना गर्नका लागि मावि हरुको विद्युतिय हाजिरी तथा इन्टरनेट सेवाको सुविधा सञ्चालन गर्न पहल गरिनेछ ।

३०. यस गाउँपालिका भित्रका सम्पूर्ण जनतालाई प्राथमिक उपचारबाट बञ्चित हुन नदिनको लागि स्वास्थ्य क्षेत्रमा विषेश ध्यान दिईनेछ ।

३१. साल्पासिलिछो गाउँपालिका अर्न्तगतका गौडेनी, गोरुकाट्टे डाडा, साल्पाक्षेत्र, मैयुमडाँडा, ठोटनेरी, च्याकसिला बन क्षेत्रलाई विषेश संरक्षित क्षेत्र बनाईनेछ । साथै साल्पासिलिछो गाउपालिकाको योगमाया प्रतिष्ठान देखी साल्पापोखरीसम्म (गौडेनी-शिवशक्ती आश्रम-गोरुकाटे-ठोटनेरी-तालखर्क-डिलखर्क साकेचुङ साल्पापोखरी हुदै लौरेथाम) जोड्ने पदयात्राको सम्भाव्यता अध्ययन गरी डिपिआ तयार गरिनेछ ।

३२. बाढी नियन्त्रणको लागि एक वडा एक नर्सरी स्थापना गरी जोखिमयूक्त ठाउँमा विरुवा रोप्ने कार्यक्रम तय गरिनेछ । त्यसै गरी बाढी पहिरो हुने भुक्षय नियन्त्रण गर्न र जोखिमयूक्त बस्तीमा नदि खोला नियन्त्रणको लागि आवश्यक तटबन्ध निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

३३. तेन्जिंग हिलारी मार्ग, बुम्लिङ साल्पा सडक निर्माणका लागि केन्द्रिय सरकारसँग पहल गरी साल्पासिलिछो गाउँपालिकाको दीर्घकालीन विकासको आधार तथा खाँदबारी साल्पासिलिछो जोड्ने सबै भन्दा छोटो अन्तर जिल्ला सडक सञ्जाल विस्तार गर्न पहल गरिनेछ ।

३४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी गाउसभाले तय गरेको नीति वमोजिम सञ्चालन गरिनेछ ।

३५. जेहन्दार तथा अति विपन्न विद्यार्थीहरु एवं विगत जिल्ला स्थित कार्यालयबाट छात्रवृति मार्फत कुनै विद्यालय, विश्वविद्यालय तथा अन्य शैक्षिक संघ संस्थामा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति कार्यक्रमलाइ नियमित गरिनेछ ।

३६. साल्पासिलिछो गाउँपालिकाको समग्र क्षेत्रको विकासको लागि ३ वर्षे र ५ वर्षे अल्पकालिन र दीर्घकालिन गुरुयोजना बनाई लागु गरिनेछ ।

३७. साल्पासिलिछो गाउँपालिकामा विद्युत विस्तार गर्नका लागि केन्द्रीय विद्युत विस्तार गर्न पहल गरिनेछ ।

२८. साल्पासिलिछो गाउँपालिकाबाट खोटाङ्ग हलेसी जोड्ने सडक मार्गको लागि सालेवा याङ्मा ओखरबोटे मैयु हुदै खोटाङ्ग हलेसी जोड्ने सडकको विस्तारमा जोड दिईने छ ।

अन्त्यमा : साल्पासिलिछो गाउँपालिका **भ्रष्टचार मुक्त र शुसासन मैत्री** नमुना गाउँपालिका बनाउनका लागि सबैले हातेमालो गरौ, त्यसको लागि सबैले आफुले सकेको काम गरौ । साथै यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु गाउसभाका सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यू, वडाध्यक्षज्यूहरु, राजनीतिक दलका साथीहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु यहाँहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**महेश राई**
**अध्यक्ष**
साल्पासिलिछो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, चौकीडाडा, भोजपुर ।
मिति २०७५/०३/१०